लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर काठमाण्डौ
मिति: २०७३।०३।१३ गते।

# प्रेस विज्ञप्ती - १६३

# Press Release-163

## लागु औषध चरेश सहित अन्तराष्ट्रिय कारोवारीहरु पक्राउ

लागु औषध नियन्त्रण ब्यूरोद्वारा लामो समय देखिको सुराकी परिचालन, सूचना विश्लेषण एंव निरन्तरको निग्रानी पश्चात जिल्ला बारा, डुमरवना गा.बि.स वडा नं. ७ घर भई काठमाण्डौ जोरपाटी बस्ने बर्ष २५ का साइमन तामाङ तथा जिल्ला नुवाकोट, बुमडताङ गा.बि.स -४ घर भई हाल कपनमा डेरा गरी बस्ने बर्ष ३७ को धन बहादुर तामाङलाई मिति २०७३।०३।१२ बुढानिलकण्ठ न.पा वडा नं. १४ मेलमिलाप टोलबाट अवैध ***लागु औषध चरेश ३५ के.जी.*** सहित पक्राउ गरिएको छ। उक्त चरेश मध्य ३० के.जि २ वटा झोलामा ईटा आकारको स्ल्याब बनाई लुकाईएको र ५ के.जि चरेश बुद्दको प्रार्थना किताबमा लुकाईछिपाई राखिएको अवस्थामा बरामद गरिएको छ।

**निम्न :-**

**१. साइमन तामाङ**

- साइमन तामाङ यस ब्यूरोले मिति २०७३।०१।१७ गते Operation Ice अन्तर्गत पक्राउ गरेको पूर्ण बहादुर तामाङका भाई नाता पर्ने ब्यक्ति हुन्। निज पूर्ण बहादुरले साइमनलाई ३ बर्ष अगाडी लागु औषधको ओसार पसार गर्ने कार्यको लागि थाईल्याण्ड पठाएका थिए। जसको लागि आवश्यक पर्ने हवाई टिकट, खाने बस्ने खर्च, पासपोर्ट एवं भिषा बनाउन लाग्ने खर्च समेत निज पूर्ण बहादुर तामाङले व्यवस्था गरिदिएका थिए।
- साइमन तामाङले चार पटकको थाईल्याण्डको आवत जावतको क्रममा थाइल्याण्डको बैंककमा रहेका लागु औषध Amphetamine का मुख्य कारोवारी धर्म पाख्रिन तामाङको सम्पर्कमा रही निजले भने बमोजिम थाईल्याण्डको Themall Shopping Mall को नजिकै रहेको होटलबाट थाईल्याण्डकै Rakshada, Patuman भन्ने स्थानहरुमा लागु औषध Amphetamine (ICE) को कारोवारमा संलग्न रहेका थिए। निजले प्रत्येक पटकको कारोबारमा १०-१५ हजार थाई भाट प्राप्त गर्ने गरेका थिए। निज साइमन तामाङले हाल सम्म १९ पटक लागु औषध Amphetamine (ICE) को ओसार पसार गरी सकेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ।
- साइमनले यस भन्दा अघि पनि ५ के.जी. चरेश काँकडभिट्टाको नाका हुँदै भारतको सिलुगुडी पुऱ्याएको समेत खुल्न आएको छ।

## २. धन बहादुर तामाङ

- सन् २००५ मा कतारमा, सन् २००८ मा इराकमा Security Guard को रुपमा काम गरेको धन बहादुर तानाङ सन् २०११ देखि नुवाकोटको त्रिसुलीमा कुखुरा पालन व्यवसाय गर्दै आएपनि सन् २०११ देखिनै अवैध लागु औषध चरेशको कारोवारमा समेत संलग्न रहदै आएका व्यक्ति हुन्।
- निजले नेपालबाट काठमाण्डौ-दिल्ली हुँदै Holland मा दुई पटक तथा हङकङमा ३ पटक अवैध लागु औषध लागु औषध चरेशको कारोवार गरिसकेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ । धन बहादुरले हङकङमा पठाएको अवैध लागु औषध चरेश प्राप्त गर्ने साहिद खान तथा यस ब्यूरोले मिति २०७३।०२।१२ गते पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको Operation Fish अन्तर्गतको हङकङमा बस्ने पाकिस्तानी नागरिक मोहमद वाहिद खान एकै व्यक्ति भएको समेत अनुसन्धानबाट खुल्न आएको छ।
- धन बहादुरले चरेश लुकाउन प्रयोग गरेको बुद्धको प्राथाना किताब आफैले भारतबाट ल्याउने गरेका थिए। धादिङमा १ किलोको १५-२० हजार रुपैया पर्ने चरेस हल्याण्डमा १८०० युरो (रु २,१२,०००|) र हङकङमा १ लाख ५० हजार रुपैया सम्ममा बिक्री गर्ने गरेको अनुसन्धानबाट खुल्न आएको छ।
- निज प्रतिवादीहरु धन बहादुर तामाङ तथा साइमन तामाङ संगको प्रारम्भिक सोधपुछबाट अवैध लागु औषध एमफेटामीन (ICE) र चरेशको कारोवार गर्ने अन्य केही नेपाली नागरिकहरु तथा विदेशी नागरिकहरुको नामहरु समेत खुल्न आएको छ।

उक्त बरामद भएको लागु औषध चरेशको अनुमानित अवैध बजार मुल्य रु १० लाख ५० हजार रहेको छ ।

• • •



धन बहादुर तामाङ



साइमन तामाङ






Rest Room
काठमाण्डौ
नाम : साईमन तामाङ्ग
उमेर : २५
लागू औषध चरेश ३५ के.जी
नाम : धन बहादुर तामाङ्ग
उमेर : ३७
लागू औषध चरेश ३५ के.जी







